# टिकट नपाएर परीक्षा दिन जाने परीक्षार्थी सिमकोटमा अलपत्र

दाने बोहरा/हिटा
हुम्ला, २७ कात्तिक

राष्ट्रिय सडक सञ्जालसँग नजोडिएको हुम्ला जिल्लाबाट अन्तरजिल्ला जोड्ने एक मात्रै हवाइजहाजको टिकट नपाउँदा हुम्लाका विद्यार्थी सिमकोटमै अलपत्रमा परेका छन् । जिल्लाबाहिर जोड्ने एक मात्रै हवाइजहाजको टिकट नपाउँदा टिकट परीक्षा दिन जाने जिल्लाका विद्यार्थी विमानस्थलमै अलपत्र परेका हुन् । दशैं, तिहार मनाउन घर आएका विद्यार्थीहरू जहाजको टिकट नपाएपछि समस्यामा परेका छन् ।

उनीहरूले जहाज टिकटकै कारण आफ्नो पढाइ छुटेको गुनासो गरेका छन् । दैनिक बिहान चारबजेको समयमा निजी एयरलाइन्सहरूको कार्यालयमा धाउँदा टिकट नपाएको गुनासो आउने गरेको छ । दुई सातादेखि जहाज टिकट नपाएपछि मंसिर १ गते हुने परीक्षा छुट्ने भन्दै खार्पुनाथ-१ का विष्णु रावलले गुनासो पोख्नुभयो । उहाँको हातमा जिल्ला प्रशासन कार्यालयको सिफारिस र क्याम्पसको परीक्षा रुटिङ भए पनि टिक नपाएको गुनासो गर्नुभयो । सिफारिस र क्याम्पसको परीक्षा रुटिङसहित विमानस्थल धाउँदा पनि टिकट नपाएको दुःखेसो गर्नुभयो । निजी एयरलाइन्सका हवाइजहाजले आफूखुसी टिकट वितरण गरेका कारण पहुँच नभएका सर्वसाधरण तथा विद्यार्थीले मंसिरमा हुने परीक्षा छुट्ने भन्दै छटपटाई रहेका छन् ।

झण्डै एक हप्ता बढीदेखि सीता एयरलाइन्स नेपालगञ्जमा बिग्रिएका कारण उडान भर्न सकेको छैन भने समिट र तारा एयरलाइन्सले फोन तथा पावर र पहुँचका भरमा आफूखुसी टिकट वितरण गरिरहेका छन् । यता, जिल्लाका जनप्रतिनिधि, र सरोकारवाला निकाय, नागरिक समाज मौन बसिरहेका छन् । भने उता जिल्लाबाहिर जाने यात्रु दैनिक दिन विमानस्थल धाउँदा टिकट नपाएर छटपटाई रहेका छन् ।

यस्तै, शनिबार बिहान जहाजको टिकट नपाएर अलपत्र परेका यात्रुको रिपोर्टिङमा गएका पत्रकारमाथि विमानस्थलमा खटिएका प्रहरीले दुर्व्यवहार गरेको छ । जहाजको टिकट नपाएर हुम्लाको सिमकोट विमानस्थलमा सयौं यात्रु अलपत्र परेको विषयको रिपोर्टिङमा गएका पत्रकारलाई विमास्थलका सुरक्षा गार्डले दुर्व्यवहार गरेका हुन् । दुई सातादेखि विमानस्थलमा घुइँचो लागेर टिकट नै नपाएको विषयमा पत्रकारले रिपोर्टिङ गर्न खोज्दा नयाँ पत्रिकाका हुम्ला जिल्ला संवाददाता नरजन तामाङलाई विमानस्थलमा खटिएका सई देवबहादुर खड्काले दुर्व्यवहार गरेका हुन् । सर्वसाधारणले सजिलै टिकट नपाएपछि विमानस्थलको गेटमा रहेका यात्रुको फोटो खिच्न खोज्दा प्रहरी सई खड्काले दुर्व्यवहार गरेका थिए ।

यतिखेर विमानस्थलमा जिल्लाबाहिर जानका लागि सयौं विद्यार्थी तथा बिरामीहरूको घुइँचो लागेको छ । तर, उनीहरू सबै टिकट नपाएर रित्तो हात फिर्ता हुन बाध्य छन् भने पहुँचवाला व्यक्तिहरू मात्रै जिल्लाबाहिर जान पाएका छन् । प्रहरीले गरेको दुर्व्यवहारप्रति इन्सपेक्टर दानसिंह भण्डारी र दामु पुनलाई कुरा गर्दा उल्टै इन्स्पेक्टर पुनले प्रहरीमाथि दुर्व्यवहार भएको आरोप लगाउनुभयो । तर, अर्का इन्स्पेक्टर भण्डारीले भने यसको सहजीकरणका लागि उपयुक्त विकल्पबाट जान पत्रकारलाई अनुरोध गर्नुभयो ।

टिकट नपाउँदा कतिपय विद्यार्थीहरूको परीक्षासमेत छुटेको छ । सर्वसाधारणका समस्या बेवास्ता गर्दै हवाई कम्पनीका कर्मचारीले पावर र पहुँचका भरमा टिकट वितरण गरिरहेका छन् । स्थानीय प्रशासन, जनप्रतिनिधिलगायत सरोकारवाला निकाय भने मौन छन् । दिनरात नभनी टिकटका लागि लाइनमा बसेका बिरामी र विद्यार्थीका बारेमा नागरिक उडड्यन मन्त्रालय मौन छ । जिल्लामा दैनिक रातको ४ बजेदेखि सर्वसाधारण नागरिकहरू निजी हवाई कम्पनीका कार्यालयमा लाइन बसेका हुन्छन्, तर पनि टिकटको टुंगो हुँदैन ।

## १० जिल्लामा...

« पृष्ठ १ बाट क्रमशः

ती जिल्लामा पनि आइतबारदेखि अधिवेशन गर्ने तयारी छ ।

वडा अधिवेशन सकिएपछि ती जिल्लामा कात्तिक ३० गते पालिका अधिवेशन हुने केसीले बताउनुभयो । ६४ जिल्लाको वडा र पालिका अधिवेशन तिहारअघि नै सकिएको थियो । साथै, १३ जिल्लाबाट महाधिवेशन प्रतिनिधिसमेत चयन भएका छन् ।

यसैबीच, नेपाली कांग्रेसको पछिल्लोपटक संशोधन गरिएको कार्यतालिकाका आधारमा नै केन्द्रीय महाधिवेशन सम्पन्न गर्ने जनाइएको छ । शनिबार पार्टी सभापति शेरबहादुर देउवानिवास बूढानीलकण्ठमा बसेको कांग्रेस पदाधिकारी तथा पूर्व-पदाधिकारीको बैठकले आउँदो मंसिर २४ देखि २६ गतेसम्म केन्द्रीय महाधिवेशन गर्ने गरी निर्वाचन समितिले तय गरेको कार्यतालिकालाई अघि बढाउने निर्णय गरेको हो । आइतबार बस्ने पार्टीको केन्द्रीय कार्यसमिति बैठकले पछिल्लोपटक संशोधित कार्यतालिकालाई अनुमोदन गर्ने प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार बैठकमा महाधिवेशन सम्पन्न गर्नका लागि विभिन्न तयारी समितिहरू पनि गठन गर्ने विषयमा छलफल भएको र केन्द्रीय समितिले त्यसलाई अन्तिम रूप दिनेछ । केन्द्रीय समितिले महाधिवेशनको कार्यतालिका अनुमोदन गरे महाधिवेशनका विषयमा देखिएका अन्योलता अन्त्य हुने उहाँले बताउनुभयो ।

कांग्रेसको निर्वाचन समितिले गएको कात्तिक ११ गते महाधिवेशनको संशोधित कार्यतालिका प्रकाशित गरेको थियो । कांग्रेसको १४औँ महाधिवेशन मंसिर २४ देखि २७ सम्म काठमाडौंमा हुने गरी कार्यतालिका तय गरिएको छ ।

### ■ डडेल्धुरामा वडा र पालिका अधिवेशन पुनः नगरिए धर्ना तथा अनशन बस्ने चेतावनी

नेपाली कांग्रेसका डडेल्धुरा सभापति कर्णबहादुर मल्लले जिल्लामा वडा र पालिका अधिवेशन पुनः नगरिए केन्द्रीय कार्यालय सानेपामा धर्ना तथा अनशन बस्ने चेतावनी दिनुभएको छ । शनिबार पार्टी केन्द्रीय कार्यालय सानेपामा पत्रकार सम्मेलन गरी जिल्लामा वडा र पालिका अधिवेशन पुनः गर्नुपर्ने अडान दोहोऱ्याउनुभयो । आफूहरूको माग सम्बोधन नभए मंसिर १ देखि पार्टी केन्द्रीय कार्यालयमा अनशन र धर्नामा बस्न बाध्य हुने उहाँले चेतावनी दिनुभयो । अब बस्ने केन्द्रीय कार्य समितिले आफूहरूको माग सम्बोधन नगरे धर्ना र अनशन बस्न बाध्य हुने चेतावनी दिनुभएको हो । 'अब बस्ने केन्द्रीय कार्यसमितिको बैठकमा हाम्रो माग सम्बोधन नभए पार्टी केन्द्रीय कार्यालयमा यही मंसिर १ गतेदेखि धर्ना र अनशनका कार्यक्रम अगाडि बढाउँछु,' उहाँले भन्नुभयो । उहाँले पार्टी जिल्ला कार्य समितिले स्थगन गर्न लिखित रूपमै केन्द्रीय सभापति शेरबहादुर देउवा र केन्द्रीय निर्वाचन समितिलाई लिखित उजुरी गर्दा पनि त्यसको सुनुवाइ नभई सत्ता र शक्तिको दुरुपयोग गरेर वडा अधिवेशन र पालिका अधिवेशन गरिएको भन्दै आक्रोश व्यक्त गर्नुभयो । सभापति मल्लले केन्द्रीय निर्वाचन समितिले पनि सभापति देउवाको निर्देशनमा आफूहरूको मागको सुनुवाइसमेत नगरेको भन्दै आपत्ति जनाउनुभयो । क्रियाशील सदस्यता विवाद समाधान नगरी अधिवेशन हुनै नसक्ने मल्ल पक्षको भनाइ छ । जिल्ला कार्यसमितिले पठाएका ४६० जनाको नाम हटाइएको मल्लले बताउनुभयो । तल्लो तहबाट सिफारिस नभएका ३१२ जनाको नाम क्रियाशील सदस्यता सूचीमा परेको असन्तुष्ट पक्षको दाबी छ । वडा र पालिका अधिवेशनप्रति एक पक्षले विरोध जनाउँदा जनाउँदै पनि निर्वाचन समितिले क्षेत्रीय र जिल्ला अधिवेशनको मिति तोकेको छ ।


## सोनमा गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
सोनमा,महोत्तरी
प्रदेश नं.२,नेपाल

**खाना पकाउने ग्यास तथा चुल्हो खरिद तथा आपूर्ति गर्ने बोलपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७८/७/२८

यस कार्यालयवाट चालु आ.व.०७८।७९ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस गाउँकार्यपालिका तथा वडा कार्यालय अन्तर्गतका तपशिल वमोजिमको परिमाणको सामग्रीहरु सप्लाई गर्ने कार्यको लागि बोलपत्रद्वारा खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त योग्य उत्पादक कम्पनी/फर्म/सप्लायर्सबाट निम्न शर्तहरुको अधिनमा रहि खरिद गर्नुपर्ने भएकोले सम्बन्धित सवैको जानकारीको लागी बोलपत्र आह्वान गरिएको छ ।

शर्तहरु

१. बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशन भएको मितिले बोलपत्रको लागि ३० (तीसौ) औं दिनभित्र यस कार्यालयको एन.एम.वि.बैंक सोनमा मा रहेको राजश्व खाता–११६००७३३७२५०००२९ ग १.१ मा बोलपत्रको लागि रु. ३०००/- (रु. तीन हजार,पछि फिर्ता नहुने गरी ) जम्मा गरेको सक्कल बैंक भौचर वा नगदै बुझाई नगदी रसिद साथ नविकरण भएको ठेक्का ईजाजतपत्र तथा स्थायी लेखा नम्बर (PAN) र भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.ब. ०७७/७८ सम्मको कर चुक्ता प्रमाणपत्र को प्रतिलिपि निवेदन साथ पेश गरी कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।
२. रितपुर्वक भरिएको बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३१ औं दिन दिनको १२.०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ ।
३. बोलपत्रसाथ तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालको एन.एम.वि.बैंक सोनमा शाखामा रहको धरौटी खाता– ११६००७३३७२५०००४१ ग ३ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बरावरको नेपाल सरकारको मान्यता प्राप्त बैंक बाट जारी गरिएको घटीमा ९० दिन म्याद भएको सक्कल बिड बँण्ड (Bid Security) पेश गर्नु पर्ने छ । तर बिड बन्डको मान्यहुने अवधि थप ३० दिन सम्मको हुनुपर्ने छ ।
४. बोलपत्र दर रेट उल्लेख गर्दा Bill Of Quantity को प्रत्येक Item को अंक र अक्षर दुवैमा स्पष्ट भर्नु पर्नेछ । केरमेट भई अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर रेट लाई मान्यता दिइनेछ ।
५. दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दर रेट भर्नु पर्नेछ ।
६. बोलपत्र दाखिलागर्दा शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना आदी स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।
७. बोलपत्र खरिद गर्ने वादर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमशःकार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।
८. यसको पूरा सूचना PPMO website हेरी तथा कार्यालयको website जानकारी बाट जानकारी प्राप्त गर्न सकिने छ ।
९. यो बोलपत्र e–bidding मार्फत दर्ता गर्न सकिने छ ।

**तपशिल:**

| सि.नं. | वोलपत्र/ | खरिदको माध्यम | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्ठेनजेन्सि वाहेक) | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| 1 | SRM/NCB/ Goods/01/078-79 | बोलपत्र | खाना पकाउने ग्यास तथा चुल्हो खरिद गरी आपूर्ति गर्ने कार्य | 3925000 | १०००००।०० |

प्र मुख प्रशासकीय अधिकृत


# घोराही उपमहानगरमा तेल घोटाला

विवेक खड्का/हिटा
दाङ, २७ कात्तिक

दाङको घोराही उपमहानगरपालिकाको रा१ग ११ नम्बरको गाडीमा २०७७ असार २६ गतेदेखि साउन २० गतेसम्म साढे सात सय लिटर इन्धन प्रयोग भयो । उक्त गाडीमा २०७७ असार २६ गते १५० लिटर, साउन २ गते १५० लिटर, साउन ६ गते १५०, साउन ११ गते १५० र साउन २० गते १५० लिटर इन्धन हालिएका कुपन भेटिन्छन् । तर, यी कुपनहरू सबै फर्जी हुन् । कारण यो अवधिमा उक्त गाडी बिग्रिएर थन्किएको थियो, चालु अवस्थामै थिएन ।

बिग्रेकै गाडीमा इन्धन प्रयोग भएको जानकारीपछि एउटा छानबिन समिति बनाइयो । उक्त समितिले गरेको अनुसन्धानका क्रममा घोराही उपमहानगरका नाममा इन्धनको चरम दुरुपयोग भएको तथ्य खुलेको छ । '११ नम्बरको बिग्रेको गाडीमा इन्धन हालिएको भन्ने आशंकापछि छानबिन समिति बनाइयो,' यो छानबिन समितिका एकजना सदस्यले भन्नुभयो, 'जबकि यो गाडीले बिग्रेको अवधिमा पनि तेल हालेको देखियो ।'

लकडाउन अवधिभर उपमहानगरका दुई गाडी रा१ग १७ र १३ नम्बरका गाडीले एउटै मितिमा लगातार इन्धन भरेको कुपन काटे । तर, रा१ग १७ नम्बरको गाडी पनि त्योबेला चालु अवस्थामै थिएन । छानबिन समितिका अनुसार उक्त गाडीका चालक नवीन विक्रम शाही बिदामा थिए । 'यो गाडीका चालक लकडाउन अवधिभर बिदामा बसेको देखिन्छ,' छानबिन समितिको प्रतिवेदनमा भनिएको छ, 'तर उनले चलाउने गाडीले लकडाउनमा लगातार इन्धन हालेको देखिन्छ ।' यी मात्रै हैन, घोराही उपमहानगरपालिकाका गाडीहरूले अस्वाभाविक इन्धन प्रयोग गरेको पाइएको छ । फोहोर बोक्ने गाडीदेखि एक्साभेटरले समेत अस्वाभाविक तेल प्रयोग गरेको छानबिन समितिको प्रतिवेदनले प्रष्ट पार्छ ।

घोराही उपमहानगरपालिकाको जेसिबीले प्रतिघण्टा १० लिटर तेल खपत गर्दै आएको बिलमार्फत देखियो । तर, उक्त जेसिबीले प्रतिघण्टा जम्मा आठ लिटर मात्रै इन्धन खपत गर्दोरहेछ । खपत गरिएको तेलको कुपनका आधारमा जेसिबीमै प्रतिघण्टा दुई लिटर इन्धन घोटाला भएको छानबिन समितिको प्रतिवेदनमा उल्लेख छ । यसैगरी, एक्साभेटरमा पनि प्रतिघण्टामा दुई लिटर इन्धन घोटाला भएको देखिएको छ । एक्साभेटरले इन्धन भरेको कुपनका आधारमा प्रतिघण्टा १५ लिटर इन्धन भर्ने गरेको देखिन्छ । तर, एक्साभेटरमा प्रतिघण्टा १३ लिटर मात्रै इन्धन खपत हुने गरेको छानबिन समितिका एक सदस्यले हिमालय टाइम्सलाई बताउनुभयो ।

घोराही बजारको फोहोर संकलन गरेर ल्याण्डफिल साइटमा पुऱ्याउने गाडीहरूमा प्रयोग भएको इन्धन खर्च अस्वाभाविक छ । यी गाडीहरूले प्रतिट्रिप २० लिटरका दरले इन्धनको कुपन पाउँदै आए । तर, यी गाडीहरूमा खपत हुने इन्धनको परिमाण भनेको जम्मा ११.३० लिटर मात्रै हो । यसरी गाडीहरूमा पनि प्रतिट्रिप ८.७० लिटरका दरले इन्धन घोटाला भएको छानबिन समितिले जनाएको छ ।

आन्तरिक तथा खरिद व्यवस्थापन शाखा प्रमुख बाबुराम पन्थीले रा१द १२० नम्बरको ट्रयाक्टरमा १५० लिटर इन्धन भरेको कुपन पेश गरेको देखिन्छ । जबकि यो ट्रयाक्टरको तेल ट्यांकीको क्षमता नै १५० लिटर इन्धन (डिजेल) अट्ने छैन । छानबिन समितिका अनुसार उहाँले एक सय लिटर इन्धन निजी गाडीमा प्रयोग गरेको देखिन्छ । अर्जुन आचार्यको बा१९च ५९० ९ नम्बरको निजी गाडीमा तेल प्रयोग गरेको पुष्टि छानबिन समितिले गरेको छ । छानबिन समितिका अनुसार पन्थी निजी प्रयोजनका लागि अर्घाखाँची जाने क्रममा निजी गाडीमा उक्त इन्धन भर्नुभएको हो । 'उहाँ (पन्थी) ले इन्धन भरेको भनेर ट्रयाक्टरको गलत विवरण पेश गर्नुभयो,' छानबिन समितिका सदस्यले भन्नुभयो ।

उपमहानगरको ट्रयाक्टरमा इन्धन भरेको भनेर झुठो विवरण पेश गरेर निजी गाडीमा इन्धन भरेका जिन्सी शाखा प्रमुख बाबुराम पन्थीले त पेट्रोल पम्पबाटै नगदसमेत असुली गरेको खुलेको छ । पंन्थीले विभिन्न गाडीहरूको तेलको कुपन पेश गरेर पेट्रोल पम्पहरूबाट दुई लाख ५० हजार रुपैयाँ नगद असुलेको छानबिन समितिले जनाएको छ । पन्थीले रा१ग १७, रा१ग ११ र रा१ग १३ नम्बरका एक्साभेटर तथा जेसिबीलगायत गाडीहरूको तेलको कुपन पेश गरेर विभिन्न पेट्रोल पम्पहरूबाट १५ हजारदेखि एकलाख रुपैयाँसम्म नगद बुझेको समितिले पुष्टि गरेको छ ।

'उहाँ (पन्थी)ले मौखिक सोधपुछका क्रममा आफूले रकम लिएको स्वीकार गर्नुभयो,' छानबिन समितिका एक सदस्यले भन्नुभयो, 'तर उहाँले आफूले उक्त रकम संस्थागत प्रयोजनमा खर्च भएको भनेर जवाफ दिनुभएको थियो ।' पन्थीले उपमहानगरको लेखा परीक्षणका क्रममा खानपिन र भ्रमण खर्च गर्नुपर्ने भएकाले रकम लिएको बताउनुभएको थियो ।

### ■ इन्धनमा मासिक १७ लाखसम्म घोटाला

स्थानीय तह स्थापनापश्चात्को तीन वर्ष २०७७ सम्म इन्धनमा चरम घोटाला भएको देखिन्छ । घोराही उपमहानगरपालिकामा इन्धनमा मासिक लाखौं रकम घोटाला भएको छानबिन समितिको प्रतिवेदनले देखाउँछ । घोराही उपमहानगरपालिकाका गाडीहरूमा २०७७ साउनमा मात्रै २३ लाख ७२ हजार ४६१ रुपैयाँ इन्धन खर्च भएको छ ।

यो अनियमितता छानबिनका लागि समिति बनेपछि गरिएको निगरानीपश्चात् अर्को महिना भने यो इन्धन खर्च मासिक १६ लाख ३३ हजार २८६ रुपैयाँले कमी आयो ।

## राजनीतिक दलहरूको...

« पृष्ठ १ बाट क्रमशः

पनि यतिबेला चर्चा हुन थालेको छ । न्यायको मन्दिर मानिने अदालत परिसर विगत केही दिनदेखि अशान्त छ । राजनीतिक बाछिटा अदालतमा पर्दा अदालतले सन्तुलन कायम राख्न नसकेको अवस्था रहेको यतिबेला टिप्पणी हुन थालेको छ । न्यायमूर्तिका रूपमा कहलिने न्यायाधीश तथा सम्पूर्ण अदालती परिवारमाथि चोर औंला उठेको छ । यही मेसोमा आ-आफ्नो रोटी सेक्नेहरूको पनि तँछाड मछाड छ यतिबेला । जिम्मेवार, स्वतन्त्र र सक्षम न्यायपालिका हुन नसक्दा त्यसको असर राज्य प्रणालीमा पर्ने गर्दछ । यसतर्फ सर्वोच्च सतर्क र गम्भीर बन्न जरुरी छ । अन्यथा हामीलाई लडाएर फाइदा लिन खोज्नेहरू सफल हुनेछन् । यो समयमै सबैले बुझ्न जरुरी रहेको विश्लेषकहरू बताउँछन् । कार्यपालिकाको गोटी, उच्च महत्त्वाकांक्षा र आर्थिक प्रलोभनले गर्दा सर्वोच्च निकाय वर्तमान अवस्थामा आइपुगेको हो । राजनीतिक भागबण्डाले योग्य/सक्षमभन्दा पनि दलका कार्यकर्ता र आर्थिक चलखेलका कारण न्यायपालिकाको गरिमा, सम्मान खस्किँदै गएको कानुनविद्हरू दाबी गर्छन् । नियम मिचेर मुद्दाको पेसी तोक्ने, सेटिङमा फैसला गर्ने, सौदाबाजीका लागि आफूनिकटका व्यक्ति खटाउनेजस्ता अत्यन्त अस्वाभाविक, अनैतिक, अशोभनीय काम हुने गरेको लगायतका गम्भीर आरोप लागेका छन् । यता, बारले भने राजीनामालाई नै बटमलाइन गराएर विगत केही दिनदेखि आन्दोलन र प्रदर्शन चर्काइरहेको छ । न्यायालय यति ठूलो गम्भीर संकटमा फस्दासमेत राजनीतिक दलहरू भने मौनव्रतमा छन् । त्यही मौनताको आडमा प्रधानन्यायाधीशले राजीनामा नदिने आफ्नो हठलाई कायम राखिरहनुभएको छ ।

## उच्च समझदारीका...

« पृष्ठ १ बाट क्रमशः

आधार हुने भएकाले यसलाई लोकतन्त्रकै अभ्यासका रूपमा प्रयोग गर्न आग्रह गर्नुभएको थियो । 'हाम्रो पार्टी एउटा लोकतान्त्रिक पार्टी हो । हामी लोकतन्त्रलाई प्रणालीको रूपमा मात्रै होइन, प्रक्रिया र पद्धतिको रूपमा पनि बुझ्दछौं । तदनुसार नै व्यवहारमा पनि लोकतन्त्रको अभ्यास गर्दछौं,' उहाँले सन्देशमा भन्नुभएको छ, 'हामी सबैलाई थाहै छ, लोकतान्त्रिक अभ्यास भनेको जिम्मेवारीबोध र अनुशासनसहितको अभ्यास हो र प्रतिस्पर्धा मात्रै होइन, समझदारी, अझ उन्नतस्तरको समझदारी र सहमति लोकतन्त्रको उच्चस्तरीय अभ्यास हो । दलहरूका बीचमा प्रतिस्पर्धा हुन्छ र त्यो स्वस्थ हुनुपर्छ । दलभित्र आपसी समझदारी सुदृढ एकताको आधार हो ।'

**आज मिति २०७८ साल कात्तिक २८ गते आइतबार दशमी तिथि कात्तिक शुक्लपक्ष : सूर्योदय : ६:२५, सूर्यास्त : १७ : १०, तारिख १४, बलम्बु महालक्ष्मीयात्रा ।**



## तपाईंको भाग्य

ज्योतिषाचार्य **रोदना घिमिरे**
उपप्राध्यापक, वाल्मीकि विद्यापीठ

मेष : मान सम्मान पाउँदा मन खुसी हुनेछ ।
वृष : आर्थिक संकटका कारण काम बिग्रन सक्छ ।
मिथुन : साथीभाइको सहयोगले काम सफल हुनेछ ।
कर्कट : आफू बसेको ठाउँ छोडेर अर्को ठाउँमा जानुपर्ने हुन सक्छ ।
सिंह : लक्ष्मीका कृपाले धनलाभ हुन सक्छ ।
कन्या : व्यापारको क्षेत्रमा राम्रै सफलता मिल्न सक्छ ।
तुला : साथीभाइहरूसँग भेट हुँदा रमाइलोका साथ समय बित्न सक्छ ।
वृश्चिक : विशिष्ट व्यक्तित्वहरूसँग भेट गर्ने अवसर जुट्न सक्छ ।
धनु : मानसम्मान पाउँदा मन हर्षित हुन सक्नेछ ।
मकर : अतिथिको सेवा गर्ने मौका मिल्न सक्नेछ ।
कुम्भ : यात्रामा समस्या आईपर्न सक्छ सचेत रहनुपर्ला ।
मीन : नसोचेको ठाउँमा धन खर्च हुन सक्छ ।

## कम्युनिष्ट नामधारीले...

« पृष्ठ १ बाट क्रमशः

सक्रिय रहेकाले शुद्ध आचरणका साथ जनताका समस्यालाई केन्द्रमा राखेर यथार्थपरक सूचना प्रवाह गर्न सुझाव दिनुभयो ।

पत्रकारले समाजमा भएका राम्रो कामको उत्खनन गर्ने र गलत कामको भण्डाफोर गर्नुपर्ने बताउँदै उहाँले राष्ट्रिय एकताको पक्षमा कलम चलाउँदै अनुचित काम गर्नेलाई पनि नछाड्न उल्लेख गर्नुभयो । 'समाजवादी आदर्शबाट अगाडि बढ्नुस्, गलत कामलाई गलत भन्नुस्, पत्रकारिताको राम्रो आचरण विकास गर्नुहोस्', उहाँले भन्नुभयो ।

अध्यक्ष नेपालले देशमा विभिन्न किसिमका भ्रष्टाचार, शोषण उत्पीडन र विकृति विसंगति मौलाइरहेको उल्लेख गर्दै पत्रकारले पनि त्यसखालका विकृति विसंगतिविरुद्ध कलम चलाउनुपर्नेमा जोड दिनुभयो । पछिल्लो समय देशभर समाजवादी पार्टीमा आकर्षण बढेको र प्रवेश गर्नेहरूको लहर चलिरहेको आफ्नो पार्टीले दक्षिणपन्थी र प्रतिगमनविरुद्धको लडाइँ लडिरहेको पनि उहाँले बताउनुभयो ।

पूर्व-प्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष नेपालले समाजमा हुने कुनै पनि घटनाक्रम तथा विषयवस्तुलाई जनतासमक्ष पुऱ्याउन संगठित प्रेसको खाँचो रहेको उल्लेख गर्दै मुलुकको राजनीति, शान्ति प्रक्रिया, वैदेशिक सम्बन्धका समाचार सम्प्रेषण गर्दा संवेदनशील हुनुपर्नेमा जोड दिनुभयो ।

### ■ गठबन्धन टुट्ने हो कि भन्ने आशंका नपालौँ

नेपालले सत्तारूढ गठबन्धन टुट्ने हो कि भन्ने आशंका नपालन पार्टीका नेता, कार्यकर्तालाई आग्रह गर्नुभएको छ । अध्यक्ष नेपालले आसन्न राष्ट्रियसभाको निर्वाचन र रिक्त रहेको प्रतिनिधिसभा र प्रदेशसभाको उपनिर्वाचनमा मिलेर उम्मेदवारी दिने र विजयी बनाउने सत्तारूढ दलबीच सहमति भएको र त्यसले गठबन्धनलाई टुटाउने खोज्नेहरूको सपनालाई चकनाचुर पारेको दाबीसमेत गर्नुभयो । उहाँले सत्तारूढ गठबन्धनको आयु लामो छैन भन्नेहरूलाई जवाफ दिनेगरी आफूहरूले राष्ट्रियसभाको निर्वाचन तथा उपनिर्वाचनमा मिलेर उम्मेदवारी दिने र विजयी गराउने सहमति गरिसकेको पनि स्पष्ट पार्नुभयो ।

अध्यक्ष नेपालले दुईवटा निर्वाचनको परिणाम सकारात्मक आउने र गठबन्धनबीचको सहकार्य झनै कसिलो भएर जाने तर्कसमेत गर्नुभयो । कार्यक्रममा बोल्दै पार्टीका सम्मानित नेता झलनाथ खनालले सत्तारूढ गठबन्धनबीचको सहकार्यलाई पार्टीको तल्लो कमिटीसम्म लैजानुपर्नेमा जोड दिनुभयो । उहाँले एमालेको ठूलो पंक्ति अलमलमा रहेको उल्लेख गर्दै त्यसलाई पार्टीमा ल्याउने गरी उत्साहका साथ काम गर्न पनि पार्टीको सिंगो पंक्तिलाई आह्वान गर्नुभयो ।

बैठकमा बागमती प्रदेशका मुख्यमन्त्री एवं पार्टीका उपाध्यक्ष राजेन्द्रप्रसाद पाण्डे र प्रदेश १ का मुख्यमन्त्री एवं पार्टीका सचिव राजेन्द्र राईले आ-आफ्नो प्रदेश सरकारको योजनाबारे बिफ्रिङ गर्नुभएको थियो ।

## 'साँझ परेपछि...

« पृष्ठ १ बाट क्रमशः

खाँदै नखानुस् पहिलो कुरा । नखाए तपाईंको वेट घट्दैन । राम्रो चिज खानुस् । राम्रो स्वास्थ्य बनाउनुस् । तगडा हुनुस् । दिमाग तीखो बनाउनु र राम्रो काम गर्नुस् ।'

अध्यक्ष नेपालले साँझ पाँचतारे होटल नधाईकन पनि निद्रा लाग्ने भएकाले त्यस्तो नगर्न निर्देशन दिनुभयो । उहाँले पाँचतारे होटलमा साँझ गएमा वा जाँड-रक्सी खाएमा राम्रो नहुने बताउनुभयो । उहाँले भन्नुभयो, 'तपाईंहरूमा पनि साँझ पर्नेबित्तिकै पाँचतारे होटल धाइधाईकन नखाईकन निद्रा नलाग्ने अवस्था पक्कै पनि छैन होला । यो कुरा भएको थाहा पाए भने म राम्रो मान्दिनँ । तपाईंको स्वास्थ्यलाई पनि काम गर्छ । म सुझाव दिन चाहन्छु-रक्सीले मान्छेको स्वास्थ्य खत्तम पार्छ । आयु घटाउँछ, रोग निम्त्याउँछ । रोगी बन्नुहुन्छ तपाईं । तपाईंको पैसाको दुरुपयोग हुन्छ । तेस्रो घर कलह सुरु हुन्छ । त्यसपछि तपाईंको खराब बानीव्यहोरा छोराछोरीमा जाने डर हुन्छ ।'

उहाँले आफ्नो प्रतिष्ठा र इज्जतका लागि भए पनि यस्तो नगर्न आग्रह गर्नुभयो । सम्बोधनका क्रममा उहाँले भन्नुभयो, 'त्यसले समाजमा ठूलो विकृति बढ्दछ । समाजमा कलह पैदा हुन्छ । त्यसो हुनाले व्यक्तिको प्रतिष्ठा बढ्दैन । सम्मान बढ्दैन ।'

अध्यक्ष नेपालले लेखनमा, भाषणमा र नयाँ सूचना प्रवृत्तिको प्रयोगमा शक्ति आर्जन गर्न पनि पार्टीनिकट पत्रकारहरूलाई आग्रह गर्नुभयो । उहाँले आफ्नो पार्टीले जनतालाई न्याय, समानता र समृद्धि दिलाउने गरी समाजवादको यात्रा तय गरेको दाबी गर्नुभयो । त्यसका लागि अहिले पनि व्यक्तिवाद, निरंकुशतावादविरुद्धको लडाइँ लडिरहनुपरेको अध्यक्ष नेपालको भनाइ थियो ।

CMYK